बैठक संख्याः ५६ मितिः २०८२।०९।०७ समयः बिहान ११:०० बजे

आज मिति २०८२।०९।०७ गते गुराँस गाउँपालिका दैलेखको ५६ औं कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री टोप बहादुर वि.सी. ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा वसी देहायका प्रस्तावहरु माथि निर्णय गरियो।

तपसिलः

| | |
|---|---|
| श्री टोप बहादुर वि.सी. | – गाउँपालिपालिका अध्यक्ष |
| श्री शिवा कुमारी खड्का | – गाउँपालिपालिका उपाध्यक्ष |
| श्री धर्म बहादुर रावल | – वडा अध्यक्ष वडा नं. १ |
| श्री शेर बहादुर रावल | – वडा अध्यक्ष वडा नं. २ |
| श्री काँशीराम शर्मा | – वडा अध्यक्ष वडा नं. ३ |
| श्री खड्क बहादुर शाही | – वडा अध्यक्ष वडा नं. ४ |
| श्री भुपेन्द्र बहादुर चन्द | – वडा अध्यक्ष वडा नं. ५ |
| श्री चन्द्र बहादुर राना | – वडा अध्यक्ष वडा नं. ६ |
| श्री नन्द बहादुर वि.सी. | – वडा अध्यक्ष वडा नं. ७ |
| श्री दिपेन्द्र वली | – वडा अध्यक्ष वडा नं. ८ |
| श्री अमृता कुमारी वि.सी. | – कार्यपालिका सदस्य |
| श्री विर्मा वि.क. | – कार्यपालिका सदस्य |
| श्री पम्फि वि.क. | – कार्यपालिका सदस्य |
| श्री भुमीसरा वली | – कार्यपालिका सदस्य |
| श्री कुलविर वि.क. | – कार्यपालिका सदस्य |
| श्री सम्झना कुमारी वुढा | – कार्यपालिका सदस्य |
| श्री डिनायट घर्ती | – प्रमुख प्रशासकीय अधिकृत |

आमन्त्रित कर्मचारी

| | |
|---|---|
| १. मदन प्रकाश मल्ल | शाखा अधिकृत |
| २. दिपक केसी | बरिष्ठ लेखा अधिकृत |
| ३. पुर्ण बहादुर वली | सचिवालय सहयोगी |
| ४. खगीसरा बि. क. | कार्यालय सहयोगी |

CamScanner

**प्रस्तावहरु:**

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा।

२. चालु आ.व. को हिउदे अधिवेशन आव्हान सम्बन्धमा।

३. भौचर कार्यक्रम मार्फत पूर्व सिकाई मान्यता विधि (RPL) सिप परिक्षण सम्बन्धमा।

४. कर्मचारी व्यवस्थापन सम्बन्धमा।

५. भुक्तानी सम्बन्धमा।

६. विविध।

(क) स्वास्थ्य बिमा, विशिष्टिकृत उपचार र स्वास्थ्संस्था पहुँचयुक्तता कार्यक्रम सम्बन्धमा।

(ख) विद्युतीय स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली सफ्टवयर नविकरण सम्बन्धमा।

(ग) योजना शाखालाई थप जिम्मेवारी दिने तथा रोजगार संयोजकको पदपूर्ति सम्बन्धमा।

**निर्णयहरु:**

**निर्णय नं. १** अघिल्लो बैठकका अधिकांश निर्णयहरु कार्यान्वयन भएको र कार्यान्वयन हुन बाँकी निर्णयहरु आवश्यक समन्वय गरी यथाशिघ्र कार्यान्वयन गर्ने।

**निर्णय नं. २** चालु आ.व. २०८२।८३ को हिउँदे अधिवेशन मिति २०८२ पौष २९ गते मंगलबार आव्हान गर्ने तथा आवश्यक तयारी गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

**निर्णय नं. ३** भौचर कार्यक्रम मार्फत पूर्व सिकाई मान्यता विधि (PRL) बाट सीप परीक्षण कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा गुराँस गाउँपालिका (पहिलो पक्ष), प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, कर्णाली प्रदेश कार्यालय (दोस्रो पक्ष) र सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश (तेस्रो पक्ष) बीचको समझदारी पत्रमा हस्ताक्षर गर्न गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने तथा समझदारी पत्रबंमोजिमको बजेट सुनिश्चतता कायम गरी उपयुक्त शिर्षकबाट भुक्तानी दिने।

**निर्णय नं. ४** प्रमुख प्रशासकीय अधिकृतबाट पेश भए बमोजिम स्थानीय प्रशासन सेवा, सामान्य प्रशासन समूहका कर्ण बहादुर थापा, नगेन्द्रपाल थापा, पुजा रिंजाल, लाल बहादुर बलामी र तारा कुमारी खाणको जिम्मेवारी हेरफेर गर्ने। साथै जुनिचाँदे गाउँपालिका जाजरकोटमा कार्यरत स्थानीय विविध सेवा, कम्प्यूटर समूह, कम्प्यूटर अधिकृत सुदिप अधिकारी र स्थानीय इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, जनरल उपसमूहका

गाउँ कार्यपालिकाको निर्णय प्रमाणित
२०८२।०९।०६

टोप बहादुर बि.सी.
अध्यक्ष

हिरायट शाही
प्रमुख प्रशासकीय अधिकृत

ईन्जिनियर छैठौं सुमित खड्काले यस गाउँपालिकामा सरुवा भई आउनको लागि सरुवा सहमति निवेदन माग गरेको हुँदा निज दुवै जनालाई यस पालिकामा सरुवा सहमति प्रदान गर्ने।

**निर्णय नं. ५** तमुलोसार सम्वन्धमा माग भएव्मोजिम बिल भर्पाईका आधारमा बजेट शिर्षक *स्थानीय कला संस्कृति तथा पर्यटन प्रवर्द्धन* बाट रु ५० हजार भुक्तानी तमु ह्यूल छोंज धीं गुरुङ राष्ट्रिय परिषद् गुराँस गाउँपालिका, रतिखोला दैलेखललाई भुक्तानी दिने तथा १५ सैय्या अस्पतालको प्राविधिक प्रतिवेदन र अनुगमन प्रतिवेदनका आधारमा निर्माण कम्पनीलाई नवौं रनिङ बिलको रकम भुक्तानी दिई निर्माण कार्य यथाशिघ्र सम्पन्न गर्न निर्देशन दिई अस्पताल सञ्चालनको लागि आवश्यक भौतिक पूर्वाधार तथा सामाग्री सम्वन्धित निकायमा माग गर्ने। साथै अस्पताल संचालनको लागि आवश्यक भौतिक पूर्वाधार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य सेवा विभागलाई पत्राचार गर्ने।

**निर्णय नं. ६ विविध**

क) स्वास्थ्य शाखाको च.नं. ७२, मिति २०८२।०९।०६ गतेको पत्रानुसार यस गाउँपालिका र कर्णाली मानसिक स्वास्थ्य कार्यक्रम अनुसार CMC नेपालबाट सन् २०२३ डिसेम्बरमा स्वास्थ्य संस्थामा पहुँचयुक्तता सनिश्चतता गर्न १,३५,०००। र स्वास्थ्य बिमा विशिष्टिकृत उपचार सहयोग बापत रु ८०,०००। गरी जम्मा रु २,१५,०००। गाउँपालिकाको खातामा जम्मा भएकोमा सो मध्ये हाल सम्म खर्च जम्मा रु स्वास्थ्य बिमा तर्फ रु ४२,०००।, विशिष्टिकृत उपचार बापत रु ७,८१०। र स्वास्थ्संस्था पहुँचयुक्तता रु ५१,८४८। गरी जम्मा रु १,०१,६५८। भएको देखिएको हुँदा बाँकी रकम रु १,१३,३४४। रकम खर्च नभएको देखिएको हुँदा उक्त रकम सम्वन्धित कार्यक्रमको लागि खर्च गर्नको लागि लेखी आएको हुँदा उक्त रकम बराबरको कार्यक्रम गर्न स्वास्थ्य शाखालाई निर्देशन दिई उपयुक्त शिर्षकबाट भुक्तानी दिने।

ख) गुराँस गाउँपालिका र कोड फ्यूजन टेक्नोलोजी प्रा.लि. काठमाडौं बिच स्वास्थ्य संस्थाहरुका लागि विद्युतीय स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली सफ्टवयर नविकरण गर्ने कार्यको लागि मिति २०८२।०४।०५ गते सम्झौता भएअनुसार रु. ७९,२००। भुक्तानी गर्नु पर्ने भएको हुँदा उक्त रकम उपयुक्त शिर्षकबाट भुक्तानी दिने।

ग) यस पालिकामा रोजगार संयोजकको पदपूर्ति नहुँदा मुख्यमन्त्री रोजगार कार्यक्रम लगायत अन्य रोजगारसँग सम्वन्धित कामहरु प्रभावित भएको हुँदा तत्काललाई रोजगार संयोजकको पदपूर्ति नभएसम्मको लागि योजना शाखामा रहेका कर्मचारीहरुलाई रोजगारसँग सम्बन्धित कामकाज गर्ने थप जिम्मेवारी दिने। साथै रोजगार संयोजकको विज्ञापन प्रक्रिया अगाडी बढाउँन कार्यपालिकालाई प्राप्त छनौट सम्बन्धी अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्योजन गर्ने।

गाउँ कार्यपालिकाको निर्णय प्रमाणित

२०८२।०८।०६

टोप बहादुर बि.सी.
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत